

# असमानताको भाइरस

सारांश

OXFAM

# सारांश[1]

## असमानताको भाइरस

**'हामीले निर्माण गरेको समाजको कमजोर अस्थिपञ्जरमा देखिने टुटफुट औल्याउँदै कोभिड-१९ लाई एक्सरेसँग तुलना गरिएको छ। यसले सबै तिरका झुटा तथ्य र झुटहरू उजागर गर्दैछ। खुला बजारले सबैका लागि स्वास्थ्य सेवा प्रदान गर्न सक्छ भन्नु भ्रम हो। अर्कोतर्फ पारिश्रमिकविनाको सेवामूलक कार्य त काम नै होइन भन्ने पारिएको छ। जसरी हामी उत्तर-जातीय विश्वमा बस्छौं भन्ने भ्रम छ त्यस्तै मिथक हामी सबै एउटै डुङ्गामा बस्छौं भन्नेमा पनि छ। जब हामी सबै एकै समुद्रमा तैरिइरहेका छौं, यस्तो लाग्छ हामी केहीचाहिँ सुपर नौकामा छौं र अरूहरू भने बग्ने भग्नावशेषमा टाँस्सिइरहेका छन्।' -एन्टोनिओ गुटेर्रस, संयुक्त राष्ट्रसङ्घका महासचिव[1]**

विश्वव्यापीरूपमा करिब २० लाख मानिसको ज्यान लिने महामारीका रूपमा इतिहासले कोभिड-१९ लाई सम्झना गर्नेछ। यसले लाखौँलाई अस्थिरता र गरिबीमा धकेल्दै आएको रूपमा स्मरण गरिनेछ।

इतिहासले यस महामारीलाई रेकर्ड सुरु भएदेखि यता पहिलोपटक पृथ्वीको सबै देशमा एउटै समयमा असमानता बढेको रूपमा पनि याद गर्नेछ।



[1] यो प्रतिवेदन अक्सफामद्वारा प्रकाशित THE INEQUALITY VIRUS अनुसन्धान प्रतिवेदनको Summary को नेपाली अनुवाद हो। यसमा उल्लिखित तथ्याङ्क मूल प्रतिवेदनमा भएभन्दा फरक पर्न गएमा मूल प्रतिवेदनको तथ्याङ्क नै सही हुनेछ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), विश्व बैङ्क र आर्थिक सहयोग तथा विकासका लागि सङ्गठन (ओइसिडी) ले महामारीले विश्वभर खतरनाक प्रभावसहित असमानता बढाउनेछ भन्दै गहन चासो व्यक्त गरेका छन् ।

**महामारीको प्रभाव गहिरो हुनेछ जसले बढ्दो असमानतासहित आर्थिक र सामाजिक उथलपुथल ल्याउनेछ । सन् २०२० मा सर्वस्व गुमाएको पुस्ता, जसले आउँदा दशकमा पनि यसको असर महसुस गर्नेछ ।**
**- क्रिस्टालिना जर्जिइभा, प्रबन्ध निर्देशक, आइएमएफ**[२]

यो दृष्टिकोण ७९ मुलुकका २ सय ९५ अर्थशास्त्रीहरूसँग अक्सफामले गरेको सर्वेक्षणमा आधारित छ ।[३] यसमा विश्वका अग्रणी अर्थशास्त्री (जस्तो- जयन्ती घोष, जेफ्री स्याक र ग्राबियल जुकम्यान) हरू सहभागी थिए । ८७% उत्तर दाताले महामारीको परिणामस्वरूप उनीहरूको मुलुकमा आम्दानी असमानता या बढेर जानेछ या त तीव्ररूपमा बढ्नेछ भने । यसमा ७९ मध्ये ७७ मुलुकका अर्थशास्त्रीको प्रतिनिधित्व थियो । आधाभन्दा बढी उत्तरदाताले लैङ्गिक असमानता बढ्न सक्ने वा ज्यादै बढ्न सक्ने विचार व्यक्त गरे भने दुईतिहाइ भन्दा बढी उत्तरदाताले जातीय असमानताको खाडल गहिरिने धारणा प्रस्तुत गरे । दुईतिहाइले त यस्तो असमानताविरुद्ध लड्न उनीहरूका मुलुकका सरकारसँग कुनै निश्चित योजना नभएका पनि बताए ।

तीव्ररूपमा बढ्दो असमानताको जोखिमले बृहत् मानवीय मूल्यमा पार्ने असर :

- विश्वका प्रमुख १ हजार अर्बपतिको कमाइ महामारी भन्दा पूर्वको स्थितिमा फर्कन केवल ९ महिना लाग्यो[४] तर विश्वका सबैभन्दा विपन्न नागरिकलाई आफ्नो पहिलेको लयमा फर्कन १४ गुणा बढी समय अर्थात् १ दशक भन्दा बढी लाग्ने देखिन्छ ।[५]
- सङ्कट सुरु भएपछि विश्वका १० धनाढ्य अर्बपतिको बढेको सम्पत्ति सबैलाई भाइरसका कारणले यो पृथ्वीमा गरिबीको दुष्चक्रमा फस्नबाट रोक्न र प्रत्येक व्यक्तिका लागि कोभिड-१९ खोप किन्न पर्याप्त भन्दा पनि बढी रहेको छ ।[६]
- विश्वभर अर्थतन्त्रको क्षेत्रमा महिलाको अधिक प्रतिनिधित्व छ जसलाई महामारीले अत्यन्त नराम्ररी प्रभावित पारेको छ ।[७] यदि ती क्षेत्रमा महिलाको प्रतिनिधित्व पुरुषको जत्तिकै दरमा भएको भए १ सय १२ करोड महिला उनीहरूको आम्दानी वा जागिर गुमाउनुपर्ने उच्च जोखिममा पर्ने थिएनन् ।[८]
- ब्राजिलमा कोभिड-१९ ले गोरा जाति भन्दा अफ्रिकी मूलका काला जातिको मृत्यु हुने सम्भावना ४० प्रतिशत बढी देखिएको छ ।[९] यदि उनीहरूको मृत्यु दर गोरा ब्राजिलियनहरूको जति नै भएको भए जुन, २०२० सम्मको तथ्याङ्क हेर्दा ९ हजार २ सय भन्दा बढी अफ्रिकी मूलका मानिस त्यहाँ अझै जीवित हुने थिए ।[१०] अमेरिकामा पनि कोभिड-१९ ले गोरा मानिसको दाँजोमा ल्याटिनी र काला मानिसको मृत्यु हुने सम्भावना ज्यादा छ ।[११] यदि तिनीहरूको मृत्यु दर गोरा मानिसको जत्तिकै रहेको भए डिसेम्बर, २०२० सम्ममा करिब २२ हजार ल्याटिनी र काला मानिस अझै बाँचिरहेका हुने थिए ।[१२]
- विश्व बैङ्कको आकलनअनुसार यदि विश्वका मुलुकहरूले अहिलेदेखि नै असमानता अनि गरिबी न्यूनीकरणका लागि योजनासहित काम गरेमा उनीहरू ३ वर्षभित्रमै सङ्कट भन्दा पहिलेको अवस्थामा फर्कने छन् । यसका लागि १ दशकभन्दा बढी समय खर्चनुपर्ने छैन ।[१३]

**विश्वभरका सरकारसँग कोभिड-१९ पछि अर्थतन्त्र निर्माण गर्न सानो तथा सङ्कुचित अवसर मात्र छ ।**

महामारीका बेलामा सरकारले कस्तो भूमिका निर्वाह गर्‍यो भन्ने इतिहासले मूल्याङ्कन गर्ने नै छ । तथापि, अहिलेसम्म यसका च्याप्टर लेखिएका छैनन् । विश्वभरका सरकारसँग कोभिड-१९ पछि अर्थतन्त्र निर्माण गर्न सानो तथा सङ्कुचित अवसर मात्र रहेको छ । त्यो अझै बढी समान र समावेशी हुनुपर्छ जसले यो ग्रह (पृथ्वी) लाई संरक्षण गर्नेछ र गरिबी अन्त्य गर्नेछ ।

तिनीहरूले प्राथमिकताका साथ वर्तमान आर्थिक प्रणाली रूपान्तरण गरेर यो कार्य गर्न सक्छन् जुन पितृसत्तात्मक सोच, गोरा जातिको प्रभुत्व र नवउदारवादी सिद्धान्तका कारण शोषणमा परेको छ । यो प्रणाली अत्यधिक असमानता, गरिबी र अन्यायतर्फ अगाडि बढेको छ । जब विश्वमा सङ्कट आयो, यस्तो बेलामा हाम्रो संसारलाई पूर्णरूपमा तयार नभएको अवस्थामा छाडिएको थियो । अझै बढी भन्नुपर्दा राम्रो भविष्य निर्माणका लागि सरकारहरूसँग यथार्थवादी तथा व्यावहारिक विचार हुनुपर्छ । तिनीहरूले अवसरलाई छोप्नैपर्छ ।



## पहिले नै असमानता भोगिसकेका मुलुकमा भाइरसको असर

यसअघि नै अत्यधिक असमानता भोगिरहेका विश्वभरका मुलुकलाई कोरोना भाइरस सङ्कटले गाँजिरहेको छ । यस्तो विश्व जहाँ २ हजार अर्बपतिको सानो समूहसँग यति धेरै सम्पत्ति छ कि जुन उनीहरूले हजार जुनीमा पनि खर्च गरेर सिध्याउन सक्दैनन् । अर्कोतर्फ करिब आधाजसो मानिस दैनिक ५.५० अमेरिकी डलर भन्दा थोरै कमाइमा बाँच्न बाध्य छन् ।[१४] र, ४० वर्ष अवधिमा १ प्रतिशत व्यक्तिले विश्वका आधा जनसङ्ख्याको कुल आम्दानी भन्दा दोब्बर बढी सम्पत्ति कमाएका छन् ।[१५] त्यसैगरी १ प्रतिशत सबैभन्दा धनाढ्य व्यक्तिले शताब्दीको चौथाइ अवधि अर्थात् २५ वर्षमा आधा जनसङ्ख्याले खपत गरेको भन्दा दोब्बर परिमाणमा कार्बन खपत गरेर जलवायु विनाश निम्त्याएका छन् ।[१६] अनि धनी र गरिबबीचको बढ्दो दूरी उकालो लागिरहेको छ र वर्षौं पुरानो लैङ्गिक[१७] र जातीय असमानता[१८] उस्तैरूपमा कायमै छ ।

**यसअघि नै अत्यधिक असमानता भोगिरहेका विश्वभरका मुलुकमा कोरोना भाइरस सङ्कटले गाँजिरहेको छ ।**

यो असमानता विकार र शोषणयुक्त आर्थिक प्रणालीको उत्पादन हो जसको जरो नवउदारवादी अर्थव्यवस्था र सम्भ्रान्तहरूद्वारा नियन्त्रित राजनीतिसँग जोडिएको छ । यसले समाजमा गहिरोसँग जकडिएको शोषणयुक्त असमानता र दबाबको प्रणाली (जस्तो- पितृसत्तात्मक तथा संरचनात्मक जातीयता, गोरा जातिको सर्वोच्चता आदि) लाई बढावा दिएको छ ।  अन्याय र गरिबी हुनुमा यी प्रणाली नै मूल कारक हुन् । ती प्रणालीले विश्वभरका गरिब, महिला, इतिहासदेखि नै सीमान्तकृत र थिचोमिचोमा परेका समुदायलाई अन्याय गर्दै पितृसत्तात्मक सोच बोकेका गोरा व्यक्तिहरूका हातमा ठूलो परिमाणमा मुनाफा जम्मा गरिदिन्छन् ।

असमानताको अर्थ यो हुन्छ कि धेरै मानिस बिरामी हुन्छन्, थोरै मानिस शिक्षित हुन्छन् अनि थोरैले खुसी र आत्मसम्मानयुक्त जीवन बाँच्छन् । यसले हाम्रो राजनीतिलाई विषाक्त बनाउँछ, अतिवाद र जातीयतालाई पक्षपोषण गर्छ । गरिबी अन्त्यका लागि लड्नुपर्ने मुद्दालाई बेवास्ता गर्छ । अधिकांश मानिसलाई त्रासमा बाँच्न बाध्य बनाउँछ र केही थोरै मानिस मात्र आशासहित बाँच्छन् ।

**बक्स १**

### जातीयताको सामाजिक रचना

अक्सफामले जातलाई जैविक वर्गमा राख्दैन तर यो सामाजिक रचनाअन्तर्गत पर्छ । ‘जातीय समूह’ भन्ने पदावली सबै समूहलाई जनाउनका लागि प्रयोग गरिन्छ जसले सामाजिक रचनाअन्तर्गत जातीयकरण प्रक्रियामा गोरा जातिको प्रभुत्व मान्दैन ।[१९] जातीयतायुक्त सामाजिक प्रणाली यस्तो प्रणाली हो जहाँ कर्ताहरूलाई श्रेणी वा जातीय समूहमा राखेर आर्थिक, राजनीतिक, सामाजिक र विचारधारात्मक तहको संरचना आंशिकरूपमा निर्माण गरिन्छ ।[२०] केही समाज उच्चरूपमा जातीयतायुक्त हुन्छन् । कतिपयमा भने जातीय स्तरीकरण हुँदैन । जातीय शृङ्खलालाई पछ्याउँदा यद्यपि केही जातीय सन्दर्भभित्र जातीयता देख्न सकिन्छ । धेरै अफ्रिकी र एसियाली मुलुकहरू वा लामो समयदेखि जातीय प्रणाली भएका देशहरू जहाँ जात प्रणाली मुख्य प्रणालीगत दमनका रूपमा विद्यमान हुन्छ ।[२१]

विशिष्टता महत्वपूर्ण हुन्छ जब जातिगत समूहका बारेमा बोल्ने गरिन्छ । यो प्रतिवेदनले सकेसम्म विशिष्टता दिलाउन काला जाति, अफ्रिकी मूल, आदिवासी र ऐतिहासिकरूपमा सीमान्तकृत र थिचोमिचोमा परेका समुदायलाई समेटेको छ । तथापि यो पदावलीका सीमा छन्- यसले अन्य जातीय पहिचान वा जातीयतालाई विशेषरूपमा समावेश गर्दैन । यिनीहरूलाई ऐतिहासिकरूपमा सीमान्तकृत र थिचोमिचोमा परेका समुदायअन्तर्गत राखिँदै आएको छ ।

यस्तो अत्यधिक असमानताको अर्थ हुन्छ- महामारी सुरु हुनुभन्दा अगावै पनि अर्बौं मानिसले कष्टकर जीवन बिताउँदै आएका थिए । यसरी सिर्जित आर्थिक र सामाजिक आँधीबेहरीसँग जुध्न तिनीहरूसँग कुनै स्रोत वा सहायता थिएन । ३ अर्बभन्दा बढी मानिसमा स्वास्थ्य सेवाको पहुँच थिएन ।[२२] तीन चौथाइ कामदार लाई सामाजिक सुरक्षा (जस्तो- बेरोजगारी भत्ता वा बिरामी बिदा) प्रति पहुँच थिएन[२३] र न्यून र न्यून मध्यम आम्दानी भएका आधा भन्दा बढी मुलुकका कामदार काम गरे पनि गरिबीमा बाँच्दै आएका थिए ।[२४]

**९ महिनाको अवधिमा उच्च १ हजार अर्बपति मुख्यतः गोरा मानिसले आफ्नो गुमाएको सबै सम्पत्ति पुनः प्राप्त गरे ।**

# भाइरस सङ्क्रमणपछि धनी झन् धनी, गरिब झनै गरिब

महामारीको पहिलो महिनामा स्टक बजार ध्वस्त भएपछि केही अर्बपति तथा ठूला स्टक होल्डरका सम्पत्ति नाटकीयरूपमा घट्यो । यो असर अझैसम्म कायम छ । ९ महिनाको अवधिमा उच्च १ हजार अर्बपति मुख्यतः गोरा मानिस[२५] ले आफ्नो गुमाएको सबै सम्पत्ति पुनः प्राप्त गरे ।[२६] तिनीहरूको अर्थतन्त्रका लागि सरकारबाट भएको अभूतपूर्व सहायताले गर्दा स्टक बजार तीव्ररूपमा फस्टाउँदै गएर अर्बौं सम्पत्ति जम्मा भएको छ जबकि वास्तविक अर्थतन्त्रले भने शताब्दीकै गहिरो आर्थिक मन्दी खेपिरहेको छ । सन् २००८ को वित्तीय सङ्कटपछि अर्बपतिहरूलाई सङ्कट भन्दा पहिलेको अवस्थामा फर्किएर त्यत्तिकै सम्पत्ति जम्मा पार्न ५ वर्ष लागेको थियो ।[२७]

तर यसपालिको महामारी (१८ मार्च, २०२० देखि ३१ डिसेम्बर, २०२० सम्म) मा विश्वभरका अर्बपतिहरूको सम्पत्ति अचम्मलाग्दो गरी ३.९ ट्रिलियन अमेरिकी डलरले बढेको छ ।[२८] तिनीहरूको कुल सम्पत्ति अहिले ११.९५ ट्रिलियन अमेरिकी डलर पुगेको छ[२९] जुन जि-२० मुलुकका सरकारले महामारीका बेला खर्च गरेको बजेट बराबर छ ।[३०] महामारीको यस अवधिमा विश्वका १० सबै भन्दा धनी अर्बपतिको सम्पत्ति ५ सय ४० बिलियन अमेरिकी डलरले बढेको छ ।

---

**सेप्टेम्बर २०२० मा जेफ बेजोसले अमेजनका ८ लाख ७६ हजार कर्मचारीलाई**

## १ सय ५ हजार अमेरिकी डलर बोनस

**दिएका थिए । अहिले पनि उनी महामारी भन्दा पहिलेसरह नै धनी छन् ।[३१]**



---

व्यापारिक उडानमा प्रतिबन्ध लागे पनि निजी जेटहरूको विश्वव्यापी बिक्री बढेको थियो ।[३२] लेबनानले आर्थिक सङ्कट सामना गरिररहँदा त्यस मुलुकका उच्च धनाढ्यहरूले पहाडका रिसोर्टमा सान्त्वना खोजिरहेका थिए ।[३३] एकपछि अर्को मुलुकले सङ्कट सामना गरिरहेका बेला लेबनान यस्तो मुलुक हो जुन महामारीबाट कम प्रभावित भएको छ र त्यसको भाग्य चाँडै पहिलेकै अवस्थामा फर्कने आशा गर्न सकिन्छ । धनाढ्य व्यक्तिहरू सबैभन्दा बढी कार्बन उत्सर्जनकर्ता हुन् अनि जलवायु समस्याका मुख्य कारक पनि ।[३४]

यही बेलामा दशकअघिको आर्थिक मन्दीपछिको सबैभन्दा ठूलो आर्थिक असरले जनजीवन प्रभावित बन्यो । महामारीका कारणले सयौं मिलियन मानिसले आफ्नो जागिर गुमाए अनि भोक, शोक र विकृति सामना गरे । यो पीडालाई साहसमा रूपान्तरण गरी हामीले २ दशकदेखि विश्वव्यापीरूपमा भोग्दै आएको गरिबीसँग जुध्ने दिशातर्फ लगाउनुपर्ने देखिन्छ । सन् २०२० मा गरिबीमा बाँचिरहेका कुल मानिसको सङ्ख्या २ सय मिलियन[३५] बाट ५ सय मिलियन[३६] पुगेको छ । एक दशकभन्दा बढीको अवधिमा पनि गरिबीमा बाँचिरहेका मानिसको सङ्ख्या महामारी भन्दा पहिलेको अवस्थामा फर्कन मुस्किल छ ।

पृथ्वीमा अधिकांश मानिस पेन्नीबाट केवल एक तलब चेकमा बाँच्ने तथ्य महामारीले उजागर गऱ्यो । तिनीहरू दैनिक २ देखि १० अमेरिकी डलरले आफ्नो आवश्यकता टार्न बाध्य छन् ।[३७] तिनीहरू सुकुमबासी बस्तीमा आफ्नो परिवारका लागि केही कोठा भाडामा लिन्छन् । यो सङ्कट भन्दा पहिले तिनीहरूले जसोतसो घर व्यवहार चलाइरहेका थिए र छोराछोरीका लागि राम्रो भविष्यको कल्पना गरिरहेका थिए । तिनीहरू ट्याक्सी ड्राइभर, हेयरड्रेसर, मार्केट ट्रेडर्स आदि छन् । तिनीहरू सेक्युरिटी गार्ड, सफाइकर्मी, कुक छन् । तिनीहरू फ्याक्ट्री कामदार, किसान पनि छन् । कोरोना भाइरस सङ्कटले देखायो- अधिकांश मानवताका लागि गरिबी र असुरक्षाबाट स्थायीरूपमा बाहिर निस्केर कहिल्यै आएको छैन । यसको साटो कम्तीमा पनि त्यहाँ एक अस्थायी र गहिरो कमजोरी पुनः प्राप्त गरिएको छ ।



**कोरोना सङ्कट सुरु भएपछि विश्वका सबैभन्दा बढी १० धनाढ्य अर्बपतिको सम्पत्ति जति वृद्धि भयो**



**यो रकम भाइरसका कारण गरिबीमा पर्नबाट रोक्न र सबैका लागि कोभिड-१९ खोपका लागि भुक्तान गर्न पर्याप्त छ ।**

**बक्स २**

**गरिबीमा बाँच्न बाध्य भएका २०० मिलियनमध्ये प्रत्येकसँग आफ्नै कथा छ ।**

बङ्गलादेशको एक गार्मेन्ट कारखानामा कार्यरत फारिदाले गत अप्रिलमा जागिर गुमाइन् ।[३८] उनी ८ महिनाकी गर्भवती थिइन् । तर उनले कुनै पनि प्रसूति सुविधा पाइनन् जबकि उनी कानुनीरूपमै यस्तो सुविधा पाउने हकदार थिइन् ।

उनले त्यसबेला भनिन्- गर्भवती अवस्था, भाइरसको डर, बेरोजगारी, लाभहरू भुक्तानीको अभाव...। कहिलेकाहीँ त लाग्छ- म केही सोच्न सकिरहेकै छैन ।

यस्तो दुःख/कष्ट सामना गरिरहेका बेला पनि अर्बपतिहरू फाइदा उठाउने नाममा साधारण, नैतिक र आर्थिक भावनाका पक्षलाई सजिलै बुझ्दैनन् । उनीहरूको बढ्दो सम्पत्ति यस सङ्कटको सामना गर्न, करोडौंको जीवन र अर्बौंको आजीविका बचाउन उपयोग गर्नुपर्छ ।

# महामारीले असमानतालाई झन बढाउन सक्ने सम्भावना छ जुन पहिले कहिल्यै देखिएको थिएन ।

अहिले नै पूरा तस्बिर हेर्न खोज्नु अलि चाँडो हुन्छ । यद्यपि अधिकांश प्रारम्भिक अध्ययनले असमानता उल्लेखनीयरूपमा बढेको कुरा औंल्याएका छन् । भाइरसले पृथ्वीका प्रत्येक देशमा एकै साथ गम्भीर आर्थिक प्रभाव पारेको तथ्यको अर्थ लगभग सबै देशले असमानतामा वृद्धि देख्न सक्ने सम्भावना छ भन्ने नै हो ।

यो दृष्टिकोण तयार पार्न अक्सफामले ७९ मुलुकका २ सय ९५ जना अर्थशास्त्रीसँग गरेको सर्वेक्षणले सहयोग गरेको छ । यसमा विश्वका अग्रणी अर्थशास्त्री (जस्तो कि जयन्ती घोष, जेफ्री स्यास र ग्राबियल जुकम्यान) लाई समावेश गरिएको छ ।

८७% उत्तरदाताले महामारीको परिणामस्वरूप उनीहरूको मुलुकमा आम्दानी असमानता या बढेर जानेछ या त तीव्ररूपमा बढ्न अपेक्षा व्यक्त गरे । यसमा ७९ मध्ये ७७ मुलुकका अर्थशास्त्रीको प्रतिनिधित्व थियो ।[३९] आधाभन्दा बढी उत्तरदाताले लैङ्गिक असमानता बढ्न सक्ने वा ज्यादै बढ्न सक्ने विचार व्यक्त गरे भने दुईतिहाइभन्दा बढी उत्तरदाताले जातीय असमानताको खाडल गहिरिने धारणा प्रस्तुत गरे । दुईतिहाइले यस्तो असमानताविरुद्ध लड्न उनीहरूका मुलुकका सरकारसँग कुनै निश्चित योजना नभएका पनि बताए ।

**महामारीका लामो समयदेखि खडा भएको आर्थिक, जातीय र लैङ्गिक विभाजनका लागि स्थिति गहिरो हुँदै गइरहेको छ ।**

---

**असमानतामा कोरोना भाइरस महामारीको प्रभावबारे अक्सफामले अर्थविद्हरूसँग गरेको सर्वेक्षणको मुख्य निष्कर्ष**

८७ प्रतिशत उत्तरदाताले कोरोना भाइरस महामारीले उनीहरूको मुलुकमा आयमा **असमानता वृद्धि** वा ठूलो वृद्धि गर्नेछ भन्ने धारणा व्यक्त गरे ।



७८ प्रतिशत उत्तरदाताको धारणा कोरोना भाइरस महामारीले उनीहरूको मुलुकमा **सम्पत्तिको असमानता** वृद्धि वा ठूलो वृद्धि गर्नेछ भन्ने छ ।



५६ प्रतिशत उत्तरदाताको विचार कोरोना भाइरस महामारीले गर्दा उनीहरूको मुलुकमा सम्भवतः वा धेरै बढी **लैङ्गिक असमानता**मा वृद्धि हुने रह्यो ।



६६ प्रतिशत उत्तरदाताले कोरोना भाइरस महामारीले गर्दा उनीहरूको मुलुकमा सम्भवतः वा धेरै बढी **जातीय असमानता** बढ्ने उल्लेख गरे ।



६७ प्रतिशत उत्तरदाताका अनुसार कोरोना भाइरसका कारणले हुने असमानता वृद्धि रोक्न उनीहरूको सरकारसँग कुनै निश्चित योजना छैन ।






## सरकारहरूले विकल्पको खोजी गर्छन: असमानता अपरिहार्य हुँदैन

असमानता वृद्धि लगभग निश्चित छ। यद्यपि यो वृद्धिको सीमा, यो कम हुने गति र अधिक समानता हासिल गर्ने कार्य विश्वव्यापी सरकारहरूको छनोट हो। विश्व बैङ्कका अनुसार यदि सरकारले असमानता वृद्धिलाई वार्षिकरूपमा २ प्रतिशतले बढाउन दिएमा सन् २०३० सम्ममा ५०१ मिलियन बढी मानिसले दैनिक ५.५० अमेरिकी डलर भन्दा कम आम्दानीमा गुजारा चलाउनेछन्। र, भाइरस सङ्क्रमण हुनुअघि गरिबीमा रहेका मानिसको सङ्ख्या जति थियो त्यसभन्दा बढी हुनेछ।

यसको विपरीत यदि सरकारले असमानतालाई २ प्रतिशतले वार्षिकरूपमा कम गर्ने छनोट लिएमा हामी ३ वर्षभित्र नै सङ्कटपूर्व गरिबीको स्तरमा फर्कन सक्छौं। र, यो बढ्न छाडेमा सन् २०३० सम्ममा ८६० मिलियन कम मानिस गरिबीमा बाँचिरहेका हुनेछन्।[४०]

**यदि सरकारहरुले असमानता कम गर्न खोजे र यो बढ्न छाडेमा सन् २०३० सम्ममा ८६० मिलियन कम मानिस गरिबीमा बाँचिरहेका हुनेछन्।**

## कोरोना भाइरसका कारण विद्यमान असमानता बढेको छ

यस महामारीले गरिबीमा जीवन बिताइरहेका मानिसलाई धनी भन्दा कडा आघात पुऱ्याएको छ र विशेषगरी महिला, काला मान्छे, अफ्रो वंशज, आदिवासी र ऐतिहासिकरूपमा सीमान्तकृत र उत्पीडित समुदायहरूलाई विश्वभर समस्यामा पारेको छ। महिला र एक उच्च हदसम्म जातीय महिला[४१] कोरोना भाइरसका कारण पुरुष भन्दा आफ्नो काम गुमाउने बढी जोखिममा छन्।[४२]

ल्याटिन अमेरिकामा पहिल्यै सीमान्तकृत भइसकेका अफ्रो-वंशज र आदिवासी जनसङ्ख्या[४३] बाँकी समाज भन्दा एकदमै थला परेका छन्। तिनीहरू मर्ने सम्भावना बढी हुन्छ अनि तिनीहरू गरिब हुने सम्भावना पनि बढी हुन्छ।[४४]

**स्वास्थ्यमा,**

कोरोना भाइरस महामारीले अपर्याप्त स्वास्थ्य सामग्री तथा न्यून लगानीका कारण कमजोर सार्वजनिक तथा निजी स्वास्थ्य प्रणालीको विफलतालाई उदाङ्गो बनाएको छ ।

यदि तपाईं गरिब हुनुहुन्छ भने कोभिड-१९ बाट मृत्यु हुने सम्भावना साँच्चिकै उच्च हुन्छ ।[४५] यदि तपाईं कालो वा आदिवासी समुदायको हुनुहुन्छ भने पनि मृत्यु हुने सम्भावना निकै बढी हुन्छ । उदाहरणका लागि ब्राजिलमा अफ्रो-वंशजको गोरा ब्राजिलियन भन्दा मृत्यु हुने सम्भावना निकै बढी थियो । यदि अफ्रो-वंशजको मृत्यु दर गोरा मानिसको जत्तिकै रहेको भए (जुन, २०२० सम्मको तथ्याङ्क केलाउँदा) ९ हजार २ सय अफ्रो-वंशज अझै जीवित भेटिन्थे ।[४६]

---

**ब्राजिलमा यदि अफ्रो-वंशजको मृत्यु दर गोरा ब्राजिलियनहरूको जत्तिकै रहेको भए (जुन, २०२० सम्मको तथ्याङ्क केलाउँदा) ९ हजार २ सय अफ्रो-वंशज अझै जीवित भेटिन्थे ।**



---

**शिक्षामा,**

सन् २०२० अर्थात लकडाउन र बन्द चरम सीमामा पुगेका बेला १ सय ८० भन्दा बढी मुलुकले अस्थायीरूपमा विद्यालय बन्द गरे । जसबाट करिब १.७ बिलियन बालबच्चा र युवा स्कुल जानबाट वञ्चित भए ।[४७] महामारीले अति विपन्न मुलुकका बालबच्चालाई करिब ४ महिना स्कुल जानबाट वञ्चित गऱ्यो । यो अवधि उच्च आम्दानी भएका मुलुकका बालबच्चासँग तुलना गर्दा ६ हप्ता जति हुन्छ ।[४८]

यो अनुमान गरिएको छ कि महामारीले बालिका शिक्षामा विगत २० वर्षमा हासिल भएको विश्वव्यापी प्रगतिलाई उल्ट्याउनेछ । परिणामस्वरूप गरिबी र असमानता बढ्नेछ ।[४९]

**सन् २०२० मा १ सय ८० भन्दा बढी मुलुकले अस्थायीरूपमा विद्यालय बन्द गरे र करिब १.७ बिलियन बालबच्चा र युवा स्कुल जानबाट वञ्चित भए ।**

**मानिसको जागिर र जीविकामा,**

महामारीका कारण सयौं/लाखौंले जागिर गुमाए ।[५०] अक्सफाम र डेभलपमेन्ट फाइनान्स इन्टरनेसनलका 'कमिटमेन्ट टु रिड्युसिङ इन्इक्वालिटी' (सिआरआइ) इन्डेक्सले देखाएअनुसार महामारीको सङ्क्रमणमा परेका १०३ मुलुकमा कम्तीमा ३ जना कामदारमध्ये १ जनाको श्रम अधिकार र बिरामी बिदा जस्तो श्रम अधिकार र संरक्षण अभाव छ ।[५१]

**बक्स ३**

**एक्लै मृत्युवरण गर्दै**[५२]

जिन बाप्टिस्टे अमेरिकाको कुखुरा फार्मका कामदार थिए । जब कोभिड-१९ सङ्क्रमित भए, उनलाई काम जारी राख्न र आफ्नो ज्वरो लुकाउन भनियो । ३ दिनपछि उनलाई सास फेर्न गाह्रो भयो । त्यसपछि उनलाई अस्पतालको कोमामा राखियो र पछि भेन्टिलेटरमा पनि राखियो । आखिर, उनी एक्लै मरे । उनले श्रीमती र ३ छोराछोरीलाई छाडे । जब उनकी विधवा श्रीमतीले मिडियालाई कथा सुनाइन्, त्यो कम्पनीले उनलाई कार्ड र १ सय डलर नगद पठायो ।

उनले भनिन्- तिनीहरूले मानिसको जीवनप्रति कुनै मतलब गरेनन् । यदि तिनीहरूले मेरो श्रीमान्‌को स्वास्थ्यलाई ख्याल गरेका भए उनी अहिलेसम्म बाँचिरहेका हुन्थे । हाम्रो पनि गुजारा चलिरहेको हुन्थ्यो ।

महामारीले श्रम प्रणालीका असमानताहरूलाई क्रूरतापूर्वक उजागर गरेको छ । उदाहरणका लागि उच्च आम्दानी भएका ९० प्रतिशत अमेरिकी कामदारलाई तलबी बिरामी बिदा लिन पाउने अधिकार छ भने न्यून तलब थाप्ने ४७ प्रतिशत कामदारलाई मात्र यो अधिकार छ ।[५३] न्यून आय भएका मुलुकहरूमा ९२ प्रतिशत महिलाको काम अनौपचारिक, जोखिमयुक्त वा असुरक्षित छ ।[५४] कोरोना भाइरसले न्यून तलब पाउने र बेतलबी घरेलु कामदारको अवस्थालाई झनै विष्फोटक बनाएको छ । यस्तो काम मुख्यतः महिलाले गर्छन् र खासगरी समूहका महिलाले जातीय र जातीयता सीमान्तीकरणको अवस्था खेपेका छन् ।[५५]

कुनै सुरक्षाबिना आम्दानीमा भएको विनाशकारी नोक्सानीले भोकमरीमा विष्फोट गराएको छ । सन् २०२० को अन्त्यसम्ममा कोभिड-१९ का कारण सिर्जित भोकमरीले दैनिक कम्तीमा ६ हजार मानिसको ज्यान जाने अनुमान गरिएको छ ।[५६]

**भाइरसले हामीलाई केले महत्व राख्छ र के सम्भव छ भन्ने पनि देखाएको छ ।**

भाइरसले हामीलाई वास्तवमै केले महत्व राख्छ र कुन चिजले समाजमा मूल्य पाउँछ भनेर पनि देखाएको छ । त्यस अर्थमा नर्सहरू, बस ड्राइभरहरू र सुपरमार्केटका कामदारहरू हाम्रा आवश्यक सहयोगी हुन् तर हेज कोषका प्रबन्धकहरू वा कर्पोरेट वकिलहरू होइनन् ।

**युकेमा एक वर्षमा :**[५७]

**नयाँ योग्य नर्सले २२ हजार पाउन्ड कमाउँछन् ।**

**सबैभन्दा बढी तलब खाने सम्पत्ति प्रबन्धकले करिब लगभग ३१ मिलियन पाउन्ड घर लैजान्छ ।**

**जुन १४०० गुणा बढी हो ।**

सङ्कटअघि रूपान्तरणकारी नीतिहरू अकल्पनीय जस्तो देखिए पनि अचानक यसखाले नीतिहरूको सम्भावना देखिन थालेको छ । सदाझैं असमानतातिरको यात्रा हुनुहुन्न अब । यसको सट्टामा सरकारहरूले अझ समान तथा दिगो विश्व र बढी मानवीय अर्थव्यवस्था सिर्जना गर्न जोडतोडका साथ कुरा गर्नुपर्छ ।

**'ऐतिहासिकरूपमा महामारीले मानवलाई विगतको साथ तोड्न र आफ्नो नयाँ संसार कल्पना गर्न बाध्य बनाउँछ । यो कुनै फरक छैन । यो पोर्टल हो, एउटा विश्व र अर्कोबीचको गेटवे । हाम्रो पूर्वाग्रह र घृणाको शव तानेर हामी यसमार्फत हिँड्नका लागि छनोट गर्न सक्छौं । हाम्रा अभिलाषा, हाम्रा डाटा बैङ्क र मृत विचारहरू, हाम्रा नदीहरू र धुवाँयुक्त आकाश हाम्रा पछाडि छन् । अथवा हामी थोरै सामान बोकेर हलुका यात्रामा हिँड्न सक्छौं । अर्को विश्व कल्पनाका लागि तयार हुन सक्छौं । अनि यसका लागि लड्न तयार हुन्छौं ।' - अरुणधती रोय**[५८]




## मानिस धेरै फरक संसार चाहन्छन्

यो सङ्कट भन्दा पहिले स्पष्ट थियो र अझ स्पष्ट छ- मानिसले अझ राम्रो संसार माग गरिरहेका छन् । सन् २०१९ मा महामारीको सिकार हुनुअघि असमानतासम्बन्धी विरोधका स्वर पृथ्वीभरि फैलिएका थिए । सन् २०२० मा 'ब्ल्याक लाइभ्स म्याटर' प्रदर्शनले जातीय असमानताप्रति गम्भीर अस्वीकृति देखायो । विश्वका सर्वेक्षणहरूबाट महामारीको जागरणमा अधिक समान र दिगो संसार निर्माण गर्ने कार्यका लागि ठूलो समर्थन देखाउँछ ।[५९]

**विश्वका सर्वेक्षणहरूबाट महामारीको जागरणमा अधिक समान र दिगो संसार निर्माण गर्ने कार्यका लागि ठूलो समर्थन देखाउँछ ।**

सन् २००८ को वित्तीय सङ्कटपछि सरकारहरूले स्पष्ट छनोटहरू तयार पारे : सबैभन्दा धनी तथा कर्पोरेसनको ट्याक्स कटौती गरियो । कर्पोरेसनहरूलाई कामदार भन्दा पनि धनी सेयर होल्डरहरूलाई पहिले भुक्तानीमा प्राथमिकता दिन अनुमति दिइयो । स्वास्थ्य जस्ता सार्वजनिक सेवाहरूमा कटौती गरियो । जीवाष्म इन्धन र जलवायु विनाशलाई अनुदान दिइयो । यस्ता कदमले असमानता बढायो र मानव जीवनमा पीडा थप्यो । तर अब यस्तो हुनुहुन्न ।

यस दृष्टिकोणलाई यथास्थितिलाई प्रोत्साहन गर्ने व्यक्तिहरूसहित विश्वभरका प्रभावकारी आवाजहरू र सङ्गठनहरूद्वारा स्वीकार गरिएको छ । डाभोस आयोजना गर्दै आएको विश्व आर्थिक मञ्चका अध्यक्ष क्लाउस स्वावले हालै 'नवउदारवादी विचारधारा' भनेर सम्बोधन गर्दै लेखेका थिए- 'कोभिडपछिको युगमा हामीले नवउदारवादबाट अगाडि बढ्नुपर्छ ।'[६०] आइएमएफले भनेको छ- पुरातन बाटोमा फर्कनु हुँदैन । उसले प्रगतिशील करका लागि आह्वान गरेको छ ।[६१] फाइनान्सियल टाइम्सले विगत ४ दशकका प्रचलित नीतिहरू तथा पुनर्वितरण, आधारभूत आय र सम्पत्ति करहरूमाथि बहस गर्दै पहिलेकै अवस्था पुनर्स्थापित गर्न कडा सुधारहरू गरेको छ ।[६२] यदि महामारी थिएन भने हालका वर्षहरूमा यो तर्क अकल्पनीय जस्तो देखिन्थ्यो ।

अक्सफामले राम्रो संसार निर्माणका लागि ५ चरण पहिचान गरेको छ :

## १. यस्तो संसार जुन सबैका लागि बराबर छ र आवश्यक कुरालाई महत्व दिन्छ ।

कठोर र दिगोरूपमा असमानता न्यूनीकरण गर्नु हाम्रो नयाँ संसारको अपरिहार्य आधार हो । असमानता कम गर्न सरकारहरूले ठोस तथा समयसीमा तोकेर लक्ष्यहरू निर्धारण गर्नुपर्छ र पूर्वसङ्कटको स्तरमा मात्र फिर्ता हुनुहुँदैन । उनीहरू तत्परताका साथ अझ बढी समान विश्व सिर्जना गर्न अगाडि बढ्नुपर्छ । उनीहरूले आफ्नो ध्यानलाई कुल गार्हस्थ्य उत्पादन (जिडिपी) भन्दा अझै पर केन्द्रित गर्नुपर्छ र महत्वपूर्ण कुरालाई मूल्यवान बनाउन सुरु गर्नुपर्छ । असमानताविरुद्ध लड्न आर्थिक उद्धार र पुनः प्राप्ति प्रयासलाई केन्द्रमा राख्नुपर्छ । यसमा लैङ्गिकता र जातीय समानता समावेश गर्नुपर्छ । दक्षिण कोरिया, सियरा लियोन र न्युजिल्यान्ड जस्ता देशले राष्ट्रिय प्राथमिकताका रूपमा असमानता घटाउने प्रतिबद्धता देखाएका छन् ।[६३]

विश्व बैङ्कको आकलनअनुसार यदि विश्वका मुलुकहरूले अहिलेदेखि नै असमानता अनि गरिबी न्यूनीकरणका लागि योजनासहित काम गरेमा उनीहरू ३ वर्षभित्रमै सङ्कट भन्दा पहिलेको अवस्थामा फर्कनेछन् । यसका लागि १ दशक भन्दा बढी समय खर्चनुपर्ने छैन ।[६४]

## २. यस्तो संसार जहाँ मानव अर्थव्यवस्थाले मानिसको रेखदेख गर्छ ।

सरकारहरूले कट्टर र अस्थिरखालका पुराना विधि अस्वीकार गर्नुपर्छ र धन, लैङ्गिकता वा जातले जनताको स्वास्थ्य वा शिक्षा अधिकारमा विभेद गर्दैन भनी सुनिश्चित गर्नुपर्छ । यसको सट्टा सरकारहरूले निःशुल्क सार्वभौमिक स्वास्थ्य सेवा, शिक्षा, हेरचाह र अन्य सार्वजनिक सेवामा लगानी गर्नुपर्छ । सार्वभौमिक सार्वजनिक सेवाहरू स्वतन्त्र र निष्पक्ष समाजको आधारस्तम्भ हुन् र असमानता कम गर्न यिनीहरूको अतुलनीय शक्ति छ । यिनीहरूले धनी र गरिबबीचको खाडल पुर्छन् । यसका साथै विशेषतः पारिश्रमिकविनाको सेवामूलक कार्यसम्बन्धी जिम्मेवारीको पुनः वितरणसहित महिला र पुरुषबीचको खाडल पुर्न मद्दत गर्छन् । सार्वभौमिक सार्वजनिक सेवाहरूले जातीय र ऐतिहासिकरूपमा उत्पीडित र सीमान्तकृत समूहहरूलाई बराबर तहमा ल्याउन मद्दत गर्छन् । कोस्टारिका, थाइल्यान्ड जस्ता देशले एक दशकमा विश्वव्यापी स्वास्थ्य कभरेज हासिल गरिसकेका छन् ।[६५] अरूले पनि यस्तो उपलब्धि हासिल गर्न सक्छन् ।

महामारीको सामना गर्न सरकारहरूले तुरुन्तै 'जनताको खोप' उपलब्ध गर्न आवश्यक छ ।[६६] यसो गर्नका लागि तिनीहरूले औषधि निगमहरूको सामना गर्नुपर्नेछ र सबैका लागि सुरक्षित र प्रभावकारी खोपहरू तथा उपचारहरूको चाँजो मिलाउन सबै प्रासाङ्गिक प्याटेन्टहरू र प्रविधिको खुला पहुँचमा जोड दिनुपर्छ ।

ऋण रद्द गर्नाले सबै व्यक्तिका लागि निःशुल्क स्वास्थ्य सेवाको सट्टा गरिब देशहरूका लागि लगानीमा प्रतिमहिना ३ बिलियन खर्च गर्न सकिन्छ ।[६७]

## ३. शोषणरहित र आम्दानी सुरक्षासहितको विश्व

सर्वप्रथम त असमानता हुन नदिन जोड दिनुपर्छ । यसो गर्नका लागि सेयरहोल्डरलाई पहिले भन्दा बढी भुक्तानी दिनुसट्टा व्यवसायलाई समाजको प्राथमिकतामा नयाँतवरले डिजाइन गर्नुपर्छ । आम्दानी ग्यारेन्टी गरिनुका साथै मजदूरलाई अधिकतम ज्याला तय गरिनुपर्छ । अर्बपतिहरू आर्थिक असफलताका सङ्केत हुन् । त्यसैले अत्यधिक सम्पत्ति राख्ने व्यवस्था अन्त्य हुनुपर्छ ।

आय सुरक्षाको सुनिश्चितता आवश्यक छ र यसो भएमा मात्र गरिबीबाट स्थायी निकास सम्भव छ भन्ने कुरा भाइरसले हामीलाई सिकाएको छ । यो हुनका लागि हामीलाई केवल बाँच्न मजदूरी मात्र होइन, यदि मानिसले जागिर गुमाएको अवस्थामा रोजगारीको व्यवस्था, बिरामी बिदा र बेरोजगारी सुविधाहरूसहितको सुनिश्चितता चाहिन्छ ।

सरकारहरूले विशेषगरी महिला र जातीय महिलाहरूले पाएका आंशिक भुक्तान र भुक्तान नपाएका पारिश्रमिकविनाको सेवामूलक कार्यको पहिचान, न्यूनीकरण र पुनः वितरण गर्नुपर्छ ।[६८]

बेलायतमा, उच्च तलब भुक्तानी केन्द्रले गरेको एक अध्ययनअनुसार अधिकतम तलब १ लाख पाउन्ड (अमेरिकी डलर १ लाख ३३ हजार ५ सय) ले १० लाख कर्मचारीलाई पुनः वितरण गर्न सकिन्छ ।[६९]

## ४. विश्व जहाँ धनीले आफ्नो करको उचित हिस्सा तिर्छन् ।

कोरोना भाइरस सङ्कटले धनी व्यक्ति र ठूला निगमहरूको करमा परिवर्तनको मोड लिनुपर्ने अवस्था आएको छ । हामीले यस सङ्कटमा पछाडि फर्केर हेर्नुपर्छ र अन्तमा हामीले धनी मानिसलाई करमा फेरि अर्को कर लगाउन थाल्नुपर्ने हुन्छ । यसले सम्पत्ति करहरू, वित्तीय लेनदेन करहरू र कर चकबन्दीको अन्त्य समावेश गर्न सक्छ । प्रगतिशील कर प्रणाली सङ्कटको अवस्थामा पनि समाजलाई समतामूलकरूपमा पुनरुत्थान गराउन सकिने आधारशीला हो किनकि यसले समतामूलक भविष्यमा लगानी गर्न सक्षम बनाउँछ । अर्जेन्टिनाले अति सम्पन्न व्यक्तिमा पनि अस्थायी एकीकृत सम्पत्ति कर अपनाएर बाटो देखाइसकेको छ जसले गर्दा ३ बिलियन आम्दानी भयो र त्यसलाई कोरोना भाइरस नियन्त्रण, उपचार र राहत (जस्तो- मेडिकल सप्लाइ, गरिब एवं साना व्यापारीलाई राहत आदि) मा खर्च गरियो ।[७०]

कोरोना भाइरस महामारीको अवधिमा कर्पोरेसनले कमाएको बढी नाफामा कर लगाउँदा १०४ बिलियन डलर सङ्कलन हुन सक्छ :[७१] यो रकम सबै श्रमिकका लागि बेरोजगारी संरक्षण प्रदान गर्न पर्याप्त छ र सबैभन्दा गरिब देशका सबै बालबालिका र वृद्धवृद्धालाई आर्थिक सहयोग दिन सकिन्छ ।[७२]

## ५. जलवायु सुरक्षा सहितको विश्व

मौसम गडबडी मानव अस्तित्वका लागि सबैभन्दा ठूलो खतरा हो । यसले जीविकालाई नै नष्ट गरिरहेको छ र गरिब, आर्थिकरूपबाट वञ्चित र ऐतिहासिकरूपमा उत्पीडित समुदायको जीवन लिइरहेको छ । यी समुदायका महिला सबैभन्दा बढी प्रभावित छन् ।[७३]

यसलाई रोक्नका लागि हामीले हरित अर्थव्यवस्था निर्माण गर्न आवश्यक छ जसले बिग्रँदै गएको हाम्रो ग्रहलाई बचाएर हाम्रा बच्चालाई संरक्षण दिन्छ । जीवाष्म इन्धनका लागि सबै अनुदान अन्त्य हुनुपर्छ र जीवाष्म इन्धन कर्पोरेसन तथा सरकारको स्रोतसाधनबाट नाफा कमाउने तिनीहरूका धनी सेयरहोल्डरको अन्त्य गर्नुपर्छ । असमानताविरुद्ध लडाइँ र जलवायु न्यायका लागि लडाइँ उही हो । महामारीले हामीलाई देखाउँछ, सरकारले चाल्ने ठूला कदम सङ्कटको समयमा मात्र सम्भव हुन्छ, हामीले उही तहलाई हेर्नैपर्छ ।

**भविष्य अब हामीले गर्ने पहलमा निर्भर रहन्छ ।**

हामी मानव इतिहासको एक महत्वपूर्ण विन्दुमा छौं जुन क्षण इतिहासका पुस्तकमा लेखिनेछ । हामी क्रूर, असमान र अस्थिर संसारमा फर्कन सक्दैनौं जुन भाइरसले हामीलाई भेट्टाएका छन् । मानवतासँग अतुलनीय प्रतिभा, विशाल धन र असीम कल्पनाशीलता छ । हामीले यी सम्पत्ति समान मानवीय अर्थव्यवस्था निर्माण गर्न लगाउनुपर्छ जसले सुविधा सम्पन्न थोरैलाई मात्र होइन, सबैलाई फाइदा पुऱ्याउँछ ।



# NOTES


1 UN. (2020). *Tackling the Inequality Pandemic: A New Social Contract for a New Era.* UN Secretary-General's Lecture for Nelson Mandela's International Day. https://www.un.org/sg/en/content/sg/statement/2020-07-18/secretary-generals-nelson-mandela-lecture-%E2%80%9Ctackling-the-inequality-pandemic-new-social-contract-for-new-era%E2%80%9D-delivered

2 Kristalina Georgieva. (2020). *No lost generation: can poor countries avoid the Covid trap*? The Guardian. https://www.theguardian.com/business/2020/sep/29/covid-pandemic-imf-kristalina-georgieva

3 P. Espinoza Revollo (2021). *The Inequality Virus:* Methodology note. Oxfam. See separate download on the page for this publication.

4 P. Espinoza Revollo (2021). *The Inequality Virus:* Methodology note. Oxfam. Ibid.

5 World Bank. (2020). *Poverty and Shared Prosperity 2020: Reversals of Fortune.* https://www.worldbank.org/en/publication/poverty-and-shared-prosperity The cited poverty projection assumes a 2% annual increase in inequality for every country and the downside growth projection.

6 P. Espinoza Revollo (2021). *The Inequality Virus:* Methodology note. Oxfam. See separate download on the page for this publication.

7 International Labour Organization. (2020). *A gender-responsive employment recovery: Building back fairer.* https://www.ilo.org/wcmsp5/groups/public/---ed_emp/documents/publication/wcms_751785.pdf

8 P. Espinoza Revollo (2021). *The Inequality Virus:* Methodology note. Oxfam. See separate download on the page for this publication.

9 D. Viñas, P. Duran, J. Carvalho. (2020). *Morrem 40% mais negros que brancos por coronavírus no Brasil.* CNN Brasil. https://www.cnnbrasil.com.br/saude/2020/06/05/negros-morrem-40-mais-quebrancos-por-coronavirus-no-brasil, sourced from the Instituto Brasileiro de Geografia e Estatística

10 P. Espinoza Revollo (2021). *The Inequality Virus:* Methodology note. Oxfam. See separate download on the page for this publication.

11 Centers for Disease Control and Prevention (2020). *Race, Ethnicity, and Age Trends in Persons Who Died from COVID-19* — United States, May–August 2020. Morbid and Mortality Weekly Report https://www.cdc.gov/mmwr/volumes/69/wr/mm6942e1.htm The U.S. Census Bureau and Centers for Disease Control and Prevention use the term 'Hispanic' to collect disaggregated data by race and ethnicity. The term 'Hispanic,' however, has historically centered Spanish colonization and whiteness, and is widely perceived as erasing the indigenous and African heritage of the geographical lands of Latin America. Instead, Oxfam uses the gender non-binary identifier "Latinx" which attempts to create an inclusive collective identity, while also interrogating the ways people are historically positioned.

12 P. Espinoza Revollo (2021). *The Inequality Virus:* Methodology note. Oxfam. See separate download on the page for this publication.

13 World Bank. (2020). *Poverty and Shared Prosperity 2020: Reversals of Fortune.* https://www.worldbank.org/en/publication/poverty-and-shared-prosperity Also see C. Lakner, N. Yonzan, D. G. Mahler, R. A. Castaneda Aguilar, H. Wu, M. Fleury. 2020. Updated estimates of the impact of COVID-19 on global poverty: The effect of new data. Data Blog, October 7, 2020. https://blogs.worldbank.org/opendata

14 World Bank. (2020). *Poverty and Shared Prosperity 2020: Reversals of Fortune.* https://www.worldbank.org/en/publication/poverty-and-shared-prosperity

15 World Inequality Lab. (2017). *World Inequality Report 2018.* https://wir2018.wid.world/

16 T. Gore. (2020). *Confronting Carbon Inequality: Putting climate justice at the heart of the COVID-19 recovery.* Oxfam International. https://www.oxfam.org/en/research/confronting-carbon-inequality

17 C. Coffey et al. (2020). *Time to Care: Unpaid and underpaid care work and the global inequality crisis.* Oxfam International. https://www.oxfam.org/en/research/time-care

18 J. Losavio. (2020). *What racism costs us all.* https://www.imf.org/external/pubs/ft/fandd/2020/09/the-economic-cost-of-racism-losavio.htm

19 E. Bonilla-Silva, (1997). *Rethinking racism: Toward a structural interpretation.* American sociological review, 465-480.

20 E. Bonilla-Silva, Ibid.

21 E. Bonilla-Silva, Ibid.

22 WHO. (2017). *Tracking Universal Health Coverage: 2017 Global Monitoring Report.* World Health Organization. https://www.who.int/healthinfo/universal_health_coverage/report/2017/en/

23 International Labour Organization. (2017). *World Social Protection Report 2017–19: Universal social protection to achieve the Sustainable Development Goals.* https://www.ilo.org/global/publications/books/WCMS_604882/lang--en/index.htm

24 International Labour Organization. (2020). *World Employment and Social Outlook: Trends 2020.* https://www.ilo.org/global/research/global-reports/weso/2020/WCMS_734455/lang--en/index.htm

25 As of October 31st 2020, more than half of billionaires in the top 1,000 were White men. Source: Forbes Real-Time Billionaires List https://www.forbes.com/real-time-billionaires/'

26 P. Espinoza Revollo (2021). *The Inequality Virus:* Methodology note. Oxfam. See separate download on the page for this publication.

27 P.E. Revollo et al (2019) *Methodology note. Public Good or Private Wealth?* Oxfam International. https://oxfamilibrary.openrepository.com/bitstream/handle/10546/620599/tb-public-good-or-privatewealth-methodology-note-210119-en.pdf

28 P. Espinoza Revollo (2021). *The Inequality Virus:* Methodology note. Oxfam. See separate download on the page for this publication.

29 P. Espinoza Revollo (2021). Ibid.

30 O. Celasun, L. Christiansen, and M. MacDonald. (2020). *The Crisis is Not Over, Keep Spending* (Wisely). IMF Blog. https://blogs.imf.org/2020/11/02/the-crisis-is-notover-keep-spending-wisely/

31 U. Gneiting, N. Lusiani and I. Tamir. (2020). *Power, Profits and the Pandemic: From corporate extraction for the few to an economy that works for all.* Oxfam International. https://www.oxfam.org/en/research/power-profits-and-pandemic

32 D. Reed. (2020). *Coronavirus and Service Cuts by Big Airlines Are Inflating Demand for Private Jet Charters after Year of Strong Sales.* Forbes. https://www.forbes.com/sites/danielreed/2020/02/27/coronavirus--service-cuts-by-big-airlines-are-pushing-privatejets-to-near-record-sales-despite-environmentalists-efforts/?sh=7be031e2a281

33 AFP Agency. (2020). *'Life at the top': Lebanon mountain club dodges economic crisis.* https://www.youtube.com/watch?v=yzprjjfynZY&feature=youtu.be

34 T. Gore. (2020). *Confronting Carbon Inequality: Putting climate justice at the heart of the COVID-19 recovery.* Oxfam International. https://www.oxfam.org/en/research/confronting-carbon-inequality

35 C. Lakner, N. Yonzan, D. G. Mahler, R. A. Castaneda Aguilar, H. Wu, M. Fleury. 2020. *Updated estimates of the impact of COVID-19 on global poverty: The effect of new data.* Data Blog, October 7, 2020. https://blogs.worldbank.org/opendata

36 A. Sumner, E. Ortiz-Juarez and C. Hoy. (2020). *Precarity and the Pandemic: COVID-19 and Poverty Incidence, Intensity, and Severity in Developing Countries.* WIDER Working Paper 2020/77. https://www.wider.unu.edu/sites/default/files/Publications/Working-paper/PDF/wp2020-77.pdf

37 Pew Research Center. (2015). *A Global Middle Class Is More Promise than Reality.* https://www.pewresearch.org/global/2015/07/08/a-global-middle-class-ismore-promise-than-reality/

38 Story gathered by United Steelworkers (2020). *Not Even the Bare Minimum: Bangladeshi Garment Workers' Wages and the Responsibility of Canadian Brands* (forthcoming).

39 P. Espinoza Revollo (2021). *The Inequality Virus:* Methodology note. Oxfam. See separate download on the page for this publication.

40 World Bank. (2020). *Poverty and Shared Prosperity 2020: Reversals of Fortune.* https://www.worldbank.org/en/publication/poverty-and-shared-prosperity

41 Institute for Policy Studies. (2020). *Racial Economic Inequality.* https://inequality.org/facts/racial-inequality/

42 International Labour Organization. (2020). *A gender-responsive employment recovery: Building back fairer.* https://www.ilo.org/wcmsp5/groups/public/---ed_emp/documents/publication/wcms_751785.pdf

43 Pan American Health Organization (PAHO) and World Health Organization (WHO). (2020). *Considerations on Indigenous Peoples, Afro-Descendants, and Other Ethnic Groups during the COVID-19 Pandemic.* https://iris.paho.org/handle/10665.2/52251

44 Oxfam (2020). *Averting Ethnocide: Indigenous peoples and territorial rights in crisis in the face of COVID-19 in Latin America* https://oxfamilibrary.openrepository.com/bitstream/handle/10546/621028/bpavoiding-ethnocide-210720-en.pdf

45 Evidence from Low- and Middle-Income countries: Imperial College COVID-19 Response Team. (2020). Report 22: *Equity in response to the COVID-19 pandemic: an assessment of the direct and indirect impacts on disadvantaged and vulnerable populations in lowand lower middle-income countries.* https://www.imperial.ac.uk/media/imperial-college/medicine/mrcgida/2020-05-12-COVID19-Report-22.pdf ; Evidence from High-Income Countries, for example in the UK: B. Palmer. (2020). *Chart of the week: Covid-19 kills people in the most deprived areas at double the rate of those in the most affluent.* Nuffield Trust. https://www.nuffieldtrust.org.uk/resource/chart-of-the-weekcovid-19-kills-the-most-deprived-at-double-therate-of-affluent-people-like-other-conditions, or in the US: C. Brown and M. Ravallion. (2020). *Poverty, inequality, and COVID-19 in the US.* https://voxeu.org/article/poverty-inequality-and-covid-19-us

46 P. Espinoza Revollo (2021). *The Inequality Virus:* Methodology note. Oxfam. See separate download on the page for this publication.

47 UNESCO. (2020). *Education: From disruption to recovery.* https://en.unesco.org/covid19/educationresponse

48 UNESCO, UNICEF and World Bank. (2020). *What Have We Learnt? Findings from a survey of ministries of education on national responses to COVID-19.* https://data.unicef.org/resources/national-education-responses-to-covid19/

49 UNESCO (2020). *Covid-19 school closures around the world will hit girls hardest.* https://en.unesco.org/news/covid-19-school-closures-around-world-willhit-girls-hardest

50 International Labour Organization. (2020). *ILO Monitor: COVID-19 and the world of work. Sixth edition Updated estimates and analysis.* https://www.ilo.org/wcmsp5/groups/public/---dgreports/---dcomm/documents/briefingnote/wcms_755910.pdf Due to the pandemic, working hours are estimated to have declined by 17.3% in the second quarter of 2020 (compared with the fourth quarter of 2019), which is equivalent to 495m full-time jobs. Working hour losses in the third and fourth quarters eased slightly but the jobs deficit at the end of 2020 remains significant.

51 M. Martin et al. (2020). *Fighting inequality in the time of COVID-19: The Commitment to Reducing Inequality Index 2020.* Oxfam International and Development Finance International. https://www.oxfam.org/en/research/fighting-inequality-time-covid-19-commitmentreducing-inequality-index-2020

52 Oxfam America. (2020). *Disposable: In the face of COVID-19, the poultry industry seems willing to pay for cheap chicken with workers' lives.* https://assets.oxfamamerica.org/media/documents/Disposable_Poultry_COVID.pdf

53 M. Fisher and E. Bubola. (2020). *As Coronavirus Deepens Inequality, Inequality Worsens Its Spread. The New York Times.* 15 March 2020. Accessed 8 October 2020. https://www.nytimes.com/2020/03/15/world/europe/coronavirus-inequality.html

54 International Labour Organization (2018). *Women and men in the informal economy: A statistical picture.* https://www.ilo.org/global/publications/books/WCMS_626831/lang--en/index.htm

55 M. Bolis et al. (2020). *Care in the Time of Coronavirus: Why care work needs to be at the centre of a post-COVID-19 feminist future.* Oxfam. https://oxfamilibrary.openrepository.com/bitstream/handle/10546/621009/bp-care-crisis-time-forglobal-reevaluation-care-250620-en.pdf

56 Oxfam. (2020). *The Hunger Virus: How COVID-19 is fuelling hunger in a hungry world.* Media Briefing. Oxfam International: Oxford. https://www.oxfam.org/en/research/hunger-virus-how-covid-19-fuellinghunger-hungry-world

57 P. Espinoza Revollo (2021). *The Inequality Virus:* Methodology note. Oxfam. See separate download on the page for this publication.

58 A. Roy. (2020). *The pandemic is a portal. Financial Times.* https://www.ft.com/content/10d-8f5e8-74eb-11ea-95fe-fcd274e920ca

59 L. Zamore and B. Phillips. (2020). *COVID-19 and Public Support for Radical Policies.* NYU Center on International Cooperation. https://cic.nyu.edu/sites/default/files/zamore-phillips-covid19-public-support-radicalpolicies-web-final.pdf

60 K. Schwab. (2020). *We must move on from neoliberalism in the post-COVID era.* World Economic Forum. https://www.weforum.org/agenda/2020/10/coronaviruscovid19-recovery-capitalism-environmenteconomics-equality/

61 J. Zeballos-Roig. (2020). *The IMF says governments should consider new wealth taxes to raise cash from the rich as coronavirus slams the global economy.* Business Insider. https://www.businessinsider.fr/us/governments-wealth-taxes-imf-new-sourcerevenue-coronavirus-economy-consider-2020-4

62 *Financial Times.* (2020). *Virus lays bare the frailty of the social contract.* https://www.ft.com/content/7eff769a-74dd-11ea-95fe-fcd274e920ca

63 M. Martin et al. (2020). *Fighting inequality in the time of COVID-19: The Commitment to Reducing Inequality Index 2020.* Oxfam International and Development Finance International. https://www.oxfam.org/en/research/fighting-inequality-time-covid-19-commitmentreducing-inequality-index-2020

64 World Bank. (2020). *Poverty and Shared Prosperity 2020: Reversals of Fortune.* https://www.worldbank.org/en/publication/poverty-and-shared-prosperity

65 M. Lawson et al. (2019). *Public Good or Private Wealth?* Oxfam International. https://oxfamilibrary.openrepository.com/bitstream/handle/10546/620599/bp-public-good-or-private-wealth-210119-en.pdf

66 Oxfam. (2020). *Open letter: Uniting Behind A People's Vaccine Against COVID-19.* https://medium.com/@Oxfam/uniting-behind-a-peoples-vaccine-againstcovid-19-87eec640976

67 Oxfam. (2020). *Over 1,000 health professionals call for G20 to cancel developing countries' debt. Media reaction.* https://www.oxfam.org/en/press-releases/over-1000-health-professionals-call-g20-canceldeveloping-countries-debt

68 L. Addati, U. Cattaneo, V. Esquivel and I. Valarino (2018). *Care Work and Care Jobs for the Future of Decent Work. Geneva: International labour Organization.* https://www.ilo.org/global/publications/books/WCMS_633135/lang--en/index.htm

69 High Pay Centre. (2020). *Paying for Covid: capping excessive salaries to save industries.* https://highpaycentre.org/paying-for-covid-cappingexcessive-salaries-to-save-industries/)

70 Buenos Aires Times. (2020). *Senate approves one-time levy on assets for Argentina's richest.* https://batimes.com.ar/news/argentina/senate-approves-one-timelevy-on-assets-for-argentinas-richest.phtml

71 U. Gneiting, N. Lusiani and I. Tamir. (2020). *Power, Profits and the Pandemic: From corporate extraction for the few to an economy that works for all.* Oxfam International. https://www.oxfam.org/en/research/powerprofits-and-pandemic

72 The financing gap to offer a social protection floor package in low-income countries is $48bn in 2020. ILO. (2020c). *Financing gaps in social protection.* https://www.ilo.org/wcmsp5/groups/public/---ed_protect/---soc_sec/documents/publication/wcms_758705.pdf

73 Oxfam International. (2019). *Forced from Home. Climate-fuelled displacement.* https://oxfamilibrary.openrepository.com/bitstream/handle/10546/620914/mb-climate-displacement-cop25-021219-en.pdf?sequence=1&isAllowed=y

OXFAM